नेपाल सरकार

# सङ्घीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

## (सङ्घीय मामिला शाखा)

सिंहदरबार, काठमाण्डौ ।

प.सं.: २०७७/७८

चलानी नं. : 962

मिति २०७८।०१।१७

श्री स्थानीय तह (सबै) ।

विषयः आवश्यक सहजीकरण सम्बन्धमा ।

केन्द्रीय तथ्याङ्क विभागको च.नं. ८८० मिति २०७८।०१।०९ को पत्र यसैसाथ संलग्न छ । सो पत्रबाट थप व्यहोरा अवगत गर्नुभई सोही बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

बन्दना कर्ण

शाखा अधिकृत

वोधार्थः

श्री केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः **Website** मा **Upload** गरिदिनुहुन ।

पाँचखाल नगरकार्यपालिकाको कार्यालय

दर्ता मितिः २०७८।१।१५

दर्ता नं.: ३३०४

दर्ता गर्नेको हस्ताक्षरः



Scanned with CamScanner

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
# केन्द्रीय तथ्याङ्क विभाग

फोन ४३४५९४६, ४३४५९४७, ४३४५९४८, ४३४५८४८, ४३४१८०१, ४२२९४०६
फ्याक्सः ९७७-१-४२२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

पत्र संख्याः- ०७७/७८
च.नं.:- ८६०

मितिः २०७८/०१/०१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**विषयः आवश्यक सहजीकरण तथा सहयोग गर्ने सम्वन्धमा पत्राचार बारे ।**

प्रस्तुत विषयमा नेपालमा वि.सं. १९६८ बाट शुरु भएको जनगणनाको क्रममा वि.सं.२०७८ मा हुन गइरहेको जनगणना १२ औं तथा देश संघीय संरचनामा रुपान्तरण भएपछिको पहिलो जनगणना हो । राष्ट्रिय जनगणनालाई स्थानीय तहको पूर्ण सहभागिता, सहयोग र सहकार्यमा सम्पन्न गर्न देहाय बमोजिम कार्य गर्न गराउन र अनुरोध गर्न पत्राचार गरिदिनुहुन अनुरोध गर्दछु ।

तपसिलः

१. केन्द्रीय तथ्याङ्क विभागले संघीय संरचनामा देशको सबैभन्दा तल्लो प्रशासनिक एकाइ (वडा) हरुको बास्तविक सामाजिक, आर्थिक अवस्था, सेवा सुविधा, जातजातिको बसोवास, प्राकृतिक विपद्को अवस्था आदिको बारेमा वडास्तरको विवरण संस्थागत रुपमा संकलन गर्ने मुख्य उद्देश्यले सामुदायिक प्रश्नावली तर्जुमा गरेको छ । मुख्य गणनाको समय (२०७८ जेष्ठ २५ देखि आषाढ ८ गते) मा सुपरिवेक्षक मार्फत यो प्रश्नावली भरिनेछ । सामुदायिक प्रश्नावलीमा उल्लेखित विववरणहरु प्रशासनिक अभिलेख र सम्वन्धित वडाको वडा अध्यक्ष, वडा सचिव, दुवै वा वडा सदस्यहरुको सहायतामा भरिनेछ । तसर्थ गणना कार्यमा खटिने गणक तथा सुपरीवेक्षकलाई आवश्यक सहयोग गर्नुका साथै आफ्नो वडाका सबै घरपरिवार तथा व्यक्तिलाई गणना कार्यमा भाग लिन उत्प्रेरित गर्नको लागि आवश्यक सहजीकरणका साथै राष्ट्रिय जनगणना २०७८ मा खटिई आउने सुपरिवेक्षकहरुलाई सामुदायिक प्रश्नावलीमा उल्लेखित विवरण उपलब्ध गराई सहयोग गर्ने ।
२. राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद १० मा व्यवस्था भए अनुसार जनगणना कार्यमा सबै नागरिकको सहभागिता गराउन र पूर्ण गणनाको प्रत्याभूत गर्ने प्रयोजनको लागि प्रत्येक वडामा स्थानीय तहका वडा कार्यालयले वडास्तरीय जनगणना सहजीकरण समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । उक्त समितिको गठन, काम, कर्तव्य तथा अधिकार, आचार संहिता, बैठक तथा अन्य व्यवस्था यस परिच्छेदमा व्यवस्था गरिएको छ । प्रत्येक वडामा जनगणना सहजीकरण समिति गठन गरी जनगणनालाई सहजीकरण गर्ने ।

(नेविन लाल श्रेष्ठ)
महानिर्देशक

Scanned with CamScanner